# ८ दशांशको प्रभाव

<u>*यस अध्यायका मूल पदहरू:*</u> मर्कुस १६:१५, १ पत्रुस ३:८,९, १ कोरन्थी ९:१४ र रोमी ३:१९-२४

<u>*यस अध्यायको मूल सार पद:*</u> **"पवित्र बस्तुहरूको रेखदेख गर्नेहरूले मन्दिरबाट नै खाना खान्छ भन्ने कुरो के तिमीहरूलाई थाहा छैन? जसले बेदीको सेवा गर्छ त्यहाँ चढाएको थोकहरूको तिनीहरूलाई अधिकार हुन्छ भनेर तिमीहरूलाई थाहा छैन र? त्यही रितले**

**सुसमाचार प्रचार गर्नेले सुसमाचारबाट आफ्नो जीवन धाउनुपर्छ भनेर के प्रभुले निर्देशन दिनुभएको छैन र?" (१ कोरन्थी ९:१३,१४ रूपान्तरित)**

दशांश दिँदा हामीहरूमा परमेश्वरप्रतिको विश्वास छ भनेर प्रमाणित गर्छ भनेर हामीले अध्याय ७मा हेर्‍यौं। हामीले इसाई हौं भनेर दावी गर्दा त्यसको प्रमाण के हो त भन्दा दशांश दिँदा देखिन्छ भन्ने वास्तिवकतालाई हामीले आँखा चिम्लनुहुन्न। "तिमीहरू विश्वासमा छौ कि छैनौ, तिमीहरू आफैले जाँचेर हेर। के येशू ख्रीष्ट तिमीहरूमा बास बस्नुहुन्छ भन्ने तथ्यलाई तिमीहरूले जानेका छैनौ? यदि येशू तिमीहरूमा हुनुहुन्न भने तिमीहरू उहाँलाई विश्वास गर्छु भन्ने योग्यका पनि छैनौ" (२ कोरन्थी १३:५ रूपान्तरित)।

बाइबलमा दशांश दिएको पहिलो प्रमाण अब्राहमले मेल्किजेदेकलाई दशांश दिएको उल्लेख गरेबाट थाहा हुन्छ (उत्पत्ति १४:१८-२०, हिब्रू ७:४)। वर्तमान समयमा प्रभुलाई विश्वास गर्नेले खुला हृदयले चर्चलाई दशांश दिन्छ जुन सुसमाचार प्रचार गरिने काममा सहयोग गर्नको निम्ति हो। यदि यस विषयलाई ठीक तरिकाले बुझ्न सक्यौं भने परमेश्वरमाथि हामीहरूको सम्बन्ध कस्तो छ भनेर नाप्ने आधार नै उहाँलाई हामीले बुझाउने दशांश हो।

दशांशको प्रभाव, त्यसलाई गरिने प्रयोग, त्यसको महत्त्व र दशांशलाई विभिन्न क्षेत्रहरूमा बिभाजित गर्ने तरिकाले परमेश्वरको काममा आत्मिक वृद्धि ल्याउन सहयोग गर्दछ। सुसमाचार सुनाउन चाहिने आर्थिक सहयोगको जग नै दशांश हो। यो परमेश्वरको योजना हो र परमेश्वरलाई विश्वास गर्छु भनेर विश्वासी सञ्चितकद्वारा अपेक्षा गरिएको प्रथम कदम नै दशांश दिनु हो।

यस अध्यायमा दशांश दिने मामिलाको अध्ययन गर्न जारि राख्दछौं। चर्चमा दशांशलाई कसरी वितरण गरिन्छ, यसले अरूलाई कसरी प्रभाव पार्छ र साथै हामीहरूकै आत्मिक जीवनमा यसले कसरी असर पार्छ भन्ने विषयबस्तु यस अध्यायमा अध्ययन गरिनेछ।

## १. हामी सबै जना मिलेर परमेश्वरको सुसमाचार प्रचार गर्न पैसा उपलब्ध गराउँछौं (मलाकी ३:१०)

"सुसमाचार सुनाउन" (मर्कुस १६:१५) "येशूका चेला वा अनुयायीहरू बनाउन" र "सबै थोकहरू पालन गर्न सिकाउ" (मत्ती २८:१९,२०) प्रभु येशूले हामीलाई निर्देशन दिनुभएको छ। यस प्रकारले यस संसारमा अत्यन्त यो महत्त्वपूर्ण काममा समावेश हुन परमेश्वरले हामीलाई आह्वान गर्नुभएको छः त्यो हो मानिसहरूलाई येशूतिर ल्याउनु। परमेश्वरको सही भन्डारे वा सञ्चितकको जिम्मेवारी नै त्यो लक्ष्य पूरा गर्न उपलब्ध गराइएको रकमलाई उचित तरिकाले परिचालन गर्नु हो। परमेश्वरले हामीहरूलाई विभिन्न आशिषहरू हामीहरूको जिम्मामा छोड्नु भएकोछ, त्यसबाट उहाँको काममा आर्थिक सहयोग गर्नुपर्छ। जब अरूहरूलाई ख्रीष्टको बारेमा सुसमाचार प्रचार गर्ने काममा सहभागी हुन्छौं तब परमेश्वरप्रतिको हामीहरूको समर्पणता गहिरो हुन जान्छ। येशूलाई विश्वास गर्छु भनेर दावी गर्ने प्रत्येक विश्वासी, परमेश्वरको काममा रेखदेख गर्ने प्रत्येक कर्मचारी र सञ्चितकले सबै दशांश भित्र्याउँदा यो परमेश्‍वरको पवित्र कामको निम्ति हो भनेर ठान्नुपर्छ। परमेश्वरको काममा रकम उपलब्ध गराउनको लागि सबै जना एकजुट होओस् भनेर प्रार्थना गर्नुपर्छ। परमेश्वरको काममा सफलता हुँदा हामीहरूको विश्वासको एकतामा बल पुग्दछ।

**परमेश्वरले अन्हाउनुभएको लक्ष्य पूरा गर्न आर्थिक व्यवस्थापनको अनुमोदन गर्नुभएको छ। उहाँले "सम्पूर्ण दशांश" भन्नुभएको छ (मलाकी ३:१०) त्यसको अर्थ के हो? उहाँले भन्नुभएको छ, "मेरो मन्दिरमा अन्न भरिभराउ हुने गरी तिमीहरू आफ्नो पूरा दशौं हिस्सा ल्याओ र मलाई जाँचेर हेर र तिमीहरूले देख्नेछौ कि कसरी म स्वर्गका झ्यालहरू खोलेर तिमीहरूलाई प्रशस्त गरी सबै प्रकारका असल कुराहरू खन्याइदिनेछु।" परमेश्वरले भन्न खोज्नुभएको अर्थ के हो?**

अब्राहम र याकुबको पालादेखि र शायद पहिलादेखि नै परमेश्वरका जनहरूले दशांश दिइरहेको हामीले हेऱ्यौं (उत्पत्ति १४:२०, २८:२२)।

परमेश्वरको चर्चलाई रकम उपलब्ध गराउने स्रोतहरूमा दशांश एक हो। संगठित रूपमा उहाँको लक्ष्य पूरा गर्न चाहिने आर्थिक स्रोतहरूमा दशांश अत्यन्त ठूलो स्रोत हो। परमेश्वरको कामको निम्ति विभिन्न उपायहरू प्रयोग गर्नुपर्छ र त्यसको निम्ति निरन्तररूपमा रकम उपलब्ध गराउनुपर्छ।,

आजभोलिको चलनमा अधिकांश इसाईहरूले परमेश्वरको कामको निम्ति थोरै मात्र दशांशभेटि दिएको पाइन्छ। "यदि इसाई हुँ भनेर दावी गर्ने सबैले इमान्दारपूर्वक दशांश दिन थालियो भने त्यसको नतिजा अकल्पनीय हुन्छ, गजब हुन्छ र हामीले सोच्नै नसिकिने गरेर परमेश्वरको काम अगाडि बढ्न सक्छ।"-क्रिश्चियन स्मिथ र माइकल ओ. इमर्सन, *पासिङ्ग द प्लेट* (न्यु योर्क, अक्सफोर्ड युनिभर्सिटी प्रेसः २००८), पृ. २७बाट रूपान्तरित।

प्रत्येक युगमा परमेश्वरका कोही न कोही जनहरू छन् जसले उहाँको लक्ष्य पूरा गर्न चन्दाहरू दिन्छन्। यस विश्वव्यापी कामको निम्ति हामीहरूले जिम्मेवारी बुझ्नुपर्छ र सबै जना मिलेर रकम जम्मा गर्नु अनिवार्य छ। अव्यवस्थित, हेलचक्राइ र लापर्वाही गरेर चन्दा बटुलेर परमेश्वरको काममा जथाभावी कोष बनाएर चल्नु उचित छैन। अगमवक्ता नेहमियाको समयमा मानिसहरू र लेबीहरूले नेहमियालाई सुनाएका भन्दा हामीहरूको अगाडि चुनौति ठूलो छ, "हामीहरू परमेश्वरको घरलाई वेवास्ता गर्दैनौं" (नेहमिया १०:३९ रूपान्तरित)। दुईसय वर्ष अघि विश्वासीहरूले सामना गरेका चुनौतिहरूभन्दा अहिले झन नराम्रो छ। आज चर्चका सदस्यहरू, पास्टरहरू र चर्चका कर्मचारीहरू आत्मिक रूपमा एकजुट हुनुपर्छ र परमेश्वरको विश्वव्यापी लक्ष्य पूरा गर्न आर्थिक रूपमा सक्षम् हुन जरुरी छ भनेर सहमत हुनैपर्छ।

**विश्वभरि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सुनाउनुपर्ने तिन स्वर्गदूतहरूको संदेशको बारेमा सोच्नुहोस्। परमेश्वरको कामको निम्ति सहयोग गर्ने प्रत्येक विश्वासीको जिम्मेवारी हो भनेर हामी सबैले कसरी बुझ्ने?**

## २. परमेश्वरका आशिषहरू (१ पत्रुस ३:८,९)

जसले दशांश दिन्छ त्यसलाई प्रशस्त आशिष दिन्छु भनेर परमेश्वरले गर्नुभएको कबुल मलाकी ३:१०मा हामीले हेऱ्यौं। तर परमेश्वरको आशिष केवल एक पक्षलाई राम्रो गर्नेमात्र होइन। जीवनको अरू पक्षहरूलाई वेवास्ता गरेर केवल धनसम्पत्तिलाई थुपार्नुमात्र परमेश्वर को आशिष भन्नु परमेश्वरको आशिषलाई अत्यन्त सङ्कुचित  दायरामा राख्नु हो अर्थात् परमेश्वरको आशिषलाई साँघुरो दिमागले हेर्नु हो।

मलाकीमा उल्लेख गरिएको आशिष दुवै आत्मिक र सांसारिक पनि हो। परमेश्वरको आशिष मानिसहरूले पाएका मुक्ति, आनन्द, मनमा शान्ति र उहाँले हामीहरूको हित सधैं गर्नुहुन्छ भनेर ढुक्क हुनु हो। जब हामीहरूले परमेश्वरबाट आशिष पाउँछौं तब ती आशिषहरू हामीभन्दा कमजोरहरूलाई बाँड्न हामीहरूको कर्तव्य हुन आउँछ। अरूलाई आशिष दिनलाई हामीहरूले आशिष पाएका हुन्छौं। हामीहरूद्वारा अरूहरूलाई आशिष दिने परमेश्वरको चाहना हो।

**आशिष पाउनु र अरूहरूको निम्ति हामी आशिषित हुनुको बीचमा के सम्बन्ध छ? हेर्नुहोस् त्यस विषयमा १ पत्रुस ३:८,९मा पत्रुसले के भन्दछन्? "८ अन्त्यमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई सहानुभूति देखाओ, भातृ-प्रेम गर, कोमल हृदयका होओ, र नम्र मनका होओ। ९ खराबीको बदला खराबी नगर्ने अथवा अपमानको बदला अपमान नदिने, बरु त्यसको सट्टामा आशिष् दिने होओ, किनकि यसैको लागि तिमीहरू बोलाइएका छौ, कि तिमीहरूले आशिष् प्राप्त गर्न सक।"**

जब हामी दशांश दिन्छौं तब हामीले दोबर आशिष पाउँछौं। हामी आफै पनि आशिष पाएका हुन्छौ र अरूलाई पनि हामी आशिष हुन गएका हुन्छौं। हामीलाई जे दिइएको छ त्यसबाट हामीले अरूलाई दिन सक्छौं। परमेश्वरले हामीलाई दिनुभएको आशिषले हामीहरूको भित्री मनमा पनि संतुष्टि भएर पुग्छौं र बाहिर अरूलाई पनि हर्षित पार्छौं । प्रभु येशूले भन्नुभयो, "अरूलाई देऊ, र तिमीलाई पनि दिइनेछ।... जुन ढकले अरूलाई तौल्दछौ त्यही ढकले तिमीलाई पनि तौलिनेछ।" (लूका ६:३८ रूपान्तरित)।

**पावलले एक महत्त्वपूर्ण भावना व्यक्त गरेका छन्। के त्यो भावना दशांशमा पनि प्रयोग हुँदैन र? हेर्नहोस् प्रेरित २०:३५ "मैले सबै कुरामा तपाईंहरूलाई उदाहरण दिएको छु, कि तपाईंहरूले पनि यसरी नै कड़ा परिश्रम गरेर निर्धाहरूलाई मदत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि "लिनुभन्दा दिनु अझ धन्य हो।" "**

दशांश दिँदाको सबभन्दा ठूलो आशिष हामीले पाउनु भनेकै हामीमा परमेश्वरमा भरोसा राख्ने क्षमता हुन्छ (यर्मिया १७:७)। "परमेश्वरको व्यवस्था जसरी अटल छ त्यसरी नै अटल छ। जुन नीतिमा दश आज्ञा स्थापित भएको थियो त्यही नीतिमा दशांश पनि स्थापित भएको छ। दशांश दिने चलनले यहूदीहरूलाई आशिष मिलेको थियो नत्रभने परमेश्वरले तिनीहरूलाई त्यो चलन दिने थिएन। संसारको अन्तसम्म जसले दशांश दिने

चलनलाई कायम राख्छ उसलाई परमेश्वरले आशिष दिनुहुनेछ। मानिसमा दशांश दिएर उदार नीति अपनाउने चलन परमेश्वर आफैंलाई धनी बनाउन होइन, तर मानिसको निम्ति ठूलो आशिष होस् भनेर यो चलन परमेश्वरले चलाउनुभएको हो। मानिसलाई चाहिने यो चलन उसकै फाइदाको लागि भएको परमेश्वरले देख्नु भएको थियो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ३, पृ. ४०४,४०५बाट रूपान्तरित।

**तपाईंले पाउनुभएको कसैको सहायताद्वारा परमेश्वरले आशिष दिनुभएको अनुभव गर्नुभएको समयलाई सम्झनुहोस्। त्यसरी नै तपाईंले अरूलाई सहायता गरेर उसलाई आशिष हुने कसरी भइदिनुभएको छ?**

## ३. दशांशको उद्देश्य (१ तिमोथी ५:१७,१८)

पावलले तिमोथीलाई लेख्छन्: "१७ मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन्। १८ किनभने पवित्रशास्त्र भन्छ, "दाइँ गर्ने गोरुको मुखमा मोहोलो नलगाउनू, " र "श्रमिकले आफ्नो कामको ज्याला पाउनुपर्छ।" (१ तिमोथी ५:१७,१८ रूपान्तरित)। गोरुँको बारेमा चर्चा गर्दा पावलले व्यवस्था २५:४बाट र ज्यालामा काम गर्नेको बारेमा भन्दा पावलले येशूको भनाइको लूका १०:७बाट उल्लेख गरेका थिए। गोरुँको बारेमा भनेको वाक्य उखानको रूपमा प्रयोग गरिएको देखिएको छ। त्यसको अर्थ जब गोरुँले काम गरिरहन्छ उसले अन्न खानु उचित छ। अनि येशूको भनाइलाई उल्लेख गरेको अर्थ जुन् समर्पित सुसमाचार प्रचारकहरू हुन् तिनीहरूले तलब पाउनुपर्छ।

परमेश्वरले सृष्टि गर्नुहुन्छ र उहाँले सृष्टि गर्नुभएको थोकहरूलाई क्रमवद्धरूपमा सञ्चालन गर्नुहुन्छ। सौर्यमण्डल, प्रकृतिका बस्तुहरूलाई चल्न नियमहरू, पाचन प्रणाली, स्नायु प्रणाली र अरू धेरै थोकहरू नियमित रूपमा चल्न विभिन्न नीतिहरू परमेश्वरले योजनावद्ध रूपमा तयार गर्नभएको छ। परमेश्वरको पवित्र मन्दिरको रेखदेख गर्न र लेबीहरूलाई सहयोग गर्न दशांश चलाउने प्रणालीको स्थापना गरिएको थियो (गन्ती १८:२६)। अहिलेको चलनमा दशांश तिनीहरूको सहयाता गर्न दिइन्छ जसले आफ्नो जीवन केवल सुसमाचार सुनाउने कामको निम्ति समर्पण गर्दछन्। परमेश्वरको सेवाकार्यमा सहयोग पुऱ्याउन परमेश्वरले दशांश प्रणालीको स्थापना गरिएको हो जुन मुक्तिको इतिहासमा प्रयोग भइरहेको छ। परमेश्वरको सेवाकार्य गर्न खटिएका

कामदारहरूलाई दशांशबाट सहयोग गर्नु नै परमेश्वरको कामको जग र मौलिकता हो।

**“जो मानिस सुसमाचार सुनाउन काममा लाग्छ त्यसले सुसमाचारकै भरमा जीउनुपर्छ भनेर परमेश्वरले निर्देशन गर्नुभएको छ" भनेर पावलले १ कोरन्थी ९:१४मा भनेको अर्थ के हो? यदि हामी प्रभुलाई विश्वास गर्छौं भनेर दावी गर्छौं भने पावलको भनाइमा हामीहरूको नैतिक दायित्व के छ? सुसमाचार फैलाउने मानिसहरूलाई सहयोग गर्नु आवश्यक छ भनेर पावलको २ दोस्रो कोरन्थी ११:७-१०मा सिकाएकोमा तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस्: “७ आफूलाई होच्याएर तिमीहरूलाई चाहिँ उच्च पारूँ भनी परमेश्वरको सुसमाचार मैले तिमीहरूलाई सित्तैंमा सुनाउँदा के मैले पाप गरें त? ८ तिमीहरूको सेवा गर्न अरू मण्डलीहरूबाट आर्थिक सहायता लिएर मैले ती मण्डलीहरूलाई लुटें। ९ तिमीहरूसँग रहँदा जब मलाई अभाव परेको थियो म कसैको बोझ भइनँ, किनभने माकेडोनियाबाट आएका भाइहरूले मेरो अभाव पूरा गरिदिए। यसैले कुनै किसिमले तिमीहरूमाथि बोझ पर्ला कि भनेर मैले आफैलाई रोकें, र पछि पनि रोक्नेछु। १० ख्रीष्टको सत्यता ममा छ, र अखैयाका इलाकाहरूमा मेरो यस गर्वलाई कसैले रोक्न सक्नेछैन। ११ किन? के म तिमीहरूलाई प्रेम गर्दिनँ भनेर हो र? परमेश्वर जान्नुहुन्छ, कि म तिमीहरूलाई प्रेम गर्छु! १२ म जे काम गरिरहेछु सो गरी नै रहनेछु, ताकि ती मानिसहरूको दाबीलाई काट्न सकूँ, जुनहरूले धाकसँग गरेका सेवा-कर्मलाई हाम्रै समान छ भनी भन्छन्।"**

"मैले अरू चर्चहरूबाट लुटेर, तिनीहरूबाट तलब लिएर तिमीहरूलाई सेवा गर्दैछु" भनेर पावलले हाकाहाकी भन्दछन् (२ कोरन्थी ११:८ रूपान्तरित)। धनी कोरन्थीका चर्चका विश्वासीहरूको हृदय छुओस् भनेर गरिब माकेडोनियाका चर्चबाट लिएको तलबले कोरन्थीका विश्वासीहरूलाई सेवा गरिरहेको छु भनेर पावलले आफ्नो दुखेसो पोखाउँछन्। जो मानिस सुसमाचार प्रचार गर्छन् तिनीहरूले तलब पाउन उचित छ भनेर पावलले औंल्याइरहेका थिए। दशांश विशेष कामको निम्ति प्रयोग गरिन्छ र त्यसैलाई निरन्तरता दिनु आवश्यक छ। "विशेष कामको निम्ति दशांशको प्रयोग अलग गरिएको हो। यो गरिबहरूलाई दिने दान होइन। यस संसारमा परमेश्वरको सुसमाचार सुनाउने कामको बोझ जसले लिएका छन् तिनीहरूको जीवनलाई धान्न दशांश प्रयोग गर्नुपर्छ। त्यसबाट दशांशको प्रयोगलाई अन्त लगाउनुहुन्न।"-एलेन जी ह्वाइट, *काउन्सिलस अन स्टुवार्डशिप,* पृ. १०३बाट रूपान्तरित।

बर्तमान परिप्रेक्ष्यमा लेवी २७:३०को नीतिलाई कसरी लगाउन सकिन्छ? हेर्नुहोस्: " 'रूखहरूका फल वा जमिनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन्।"

## ४. परमेश्वरको भण्डार (२ इतिहास ३१:११-१३)

हावाको निम्ति (यर्मिया १०:१३), पानीको निम्ति (भजन ३३:७) र हिँउ र असिनाको निम्ति (अय्यूब ३८:२२) परमेश्वरको गोदाम छ। उहाँले सम्हाल्ने सबै थोकहरूलाई राख्न उहाँको भण्डार कोठा छ। तर ती सबैभन्दा परमेश्वरको अत्यन्त मूल्यवान गोदामचाहीँ त्यो हो जहाँ दशांश समावेश हुन्छ। "“लेवीहरूलाई चाहिँ भेट हुने पालमा सेवा गर्नका निम्ति तिनीहरूको अंश स्वरूप मैले इस्राएलीहरूका सबै दशांश दिएको छु।" (गन्ती १८:२१)। दशांश कहाँ राखिएको छ भनेर उल्लेख गरेको पहिलो पद यही गन्ती १८:२१ हो। यसलाई आज "गोदामको नीति" भनिन्छ। परमेश्वरले नै चुन्नुभएको ठाउँमा सबै दशांश ल्याउनु भनेर परमेश्वरले इस्रायलीहरूलाई निर्देशन दिनुभएको थियो (व्यवस्था १२:५,६)। राजा सोलोमनको राज्यकालमा दशांश यरुशलेमको मन्दिरमा ल्याइन्थ्यो। जब अगमवक्ता मलाकीले इस्रायलीहरूलाई दशांश थुपार्ने "गोदाम" कहाँ छ भन्दा तिनीहरूले सजिलैसँग बुझेका थिए। उनले लेख्छन् "सम्पूर्ण दशांश गोदाम वा भण्डारमा ल्याऊ" (मलाकी ३:१० रूपान्तरित)। सारा धार्मिक कार्य गर्न चाहिने खर्च चलाउन विशेष भण्डारबाट चलाउँथ्यो। लेवीहरूको जीविका चलाउन पनि त्यहीँ भण्डारबाट खर्च व्यहोर्थ्यो।

परमेश्वरलाई दिइएको दशांश थुपार्ने ठाउँलाई बाइबलमा परमेश्वरको भण्डार भन्ने नाउँले चिनाउँछ। हेर्नुहोस् त्यसलाई जनाउने केही पदहरू: १ इतिहास २६:२० "तिनीहरूका सङ्गी-लेवीहरूलाई परमप्रभुको भवनका भण्डारहरू र अर्पण गरिएका थोकहरूका भण्डारको जिम्मा दिइएको थियो।", २ इतिहास ३१:११-१३ "११ तब हिजकियाले परमप्रभुको मन्दिरमा भण्डारहरू तयार गर्न हुकुम गरे, र ती तयार गरिए। १२ अनि मानिसहरूले ईमानदारीसाथ आ-आफ्ना भेटीहरू, दशांश र तिनीहरूले अर्पण गरेका दानहरू ल्याए। तिनको जिम्मा लिने अधिकृत लेवी कोनन्याह थिए, अनि तिनका भाइ शिमीचाहिँ उपअधिकृत थिए। १३ राजा हिजकिया र परमेश्वरको मन्दिरका अधिकारी अजर्याहले कोनन्याह र तिनका भाइ शिमीलाई सहायता गर्न यहीएल, अजज्याह, नहत, असाहल, यरीमोत, योजाबाद, एलीएल, यिस्मक्याह, महत र बनायाहलाई नियुक्त गरेका थिए।" र

**नेहमिया १०:३८ "दशौं अंश उठाउँदा हारूनको वंशका एक जना पूजाहारी लेवीहरूका साथमा हुनेछन्। अनि लेवीहरूले दशांशको दशौं भाग परमेश्वरका भवनको भण्डारका कोठाहरूमा ल्याउनेछन्।"**

पवित्र दशांश कुन भण्डारमा ल्याउने भनेर देखाइएको नमुना बाइबलले बताउँछ। परमेश्वरले उहाँको महिमाको निम्ति अलग गर्नुभएको प्रत्येक समय र स्थानमा मुख्य भण्डार छुट्याइएको हुन्छ जहाँबाट दशांशलाई व्यवस्थित ढंगले चलाउन सकुन्। सेभेन्थ-डे एडभेन्टिस्टले दशांशको मामिलामा विश्वव्यापी भण्डारको नीति अपनाइएको छ। एडभेन्टिस्ट चर्चको प्रत्येक सदस्यले यस नीतिलाई मान्नु पर्ने अपेक्षा गरिएको हुन्छ। त्यो नीतिलाई स्वीकार गर्न र व्यवहारमा उतार्न विश्वव्यापीरूपमै सहमती जनाइएको हुन्छ। जहाँ जहाँ चर्चको सदस्यता रहन्छ त्यहाँ त्यहाँको मिशनको मुल निकायमा स्थानीय चर्चबाट दशांश दिनुपर्छ। पास्टरहरूले पाउने तलब त्यही मिशन अफिसको कोषबाट बितरण गरिन्छ।

"जब परमेश्वरको काम बढ्दै जान्छ तब त्यसको लागि झन झन सहायता गर्न इसाईहरूलाई आह्वान गरिएको छ। इसाईहरूले परमेश्वरको निर्देशनलाई पालन गर्नु आवश्यक छ। परमेश्वरले भन्नुभएको छ, "सारा दशांश मेरो भण्डारमा ल्याऊ जसले गर्दा मेरो घरमा धेरै खानेकुराहरू होस्" मलाकी ३:१० रूपान्तरित। यदि इसाई हुँ भनेर दावी गर्ने प्रत्येक इसाई इमान्दारीभएर परमेश्वरको दशांश र भेटीहरू उहाँकहाँ ल्यायो भने उहाँको ढुकुटी भरपूर हुन्थ्यो। यदि पक्का इसाईहरूले आफूले दिएको वचन अनुसार परमेश्वरको काममा सहयोग गरे विभिन्न प्रदर्शन, चिठ्ठा तथा रमाइलो गरेर सुसमाचारको निम्ति रकम जम्मा गर्न आवश्यक पर्दैनथ्यो"-एलेन जी ह्वाइट, द आक्टस अभ आपोस्टल्स, पृ. ३३८बाट रूपान्तरित।

**इसाई हुँ भन्छन्, म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सदस्य भन्छन्, बप्तिस्मामा दशांशभेटीद्वारा चर्चलाई सहायता गर्छु भनेर किरिया खान्छन्, यदि तिनीहरूले तिनीहरूको दशांशलाई जहाँ पायो त्यहीं आफूखुशी दियो भने के हुन्छ होला? यदि सबैले त्यस नीतिमा चले परमेश्वरको काम के हुन्थ्यो होला? त्यसकारण मुखलेमात्र इसाई हुँ नभनी इमान्दारीताका साथ परमेश्वरको दशांश जहाँ पठाउनुपर्ने हो सो ठाउँमा पठाउन किन महत्त्वपूर्ण छ?**

## ५. दशांश र विश्वासद्वारा मुक्ति (रोमी ३:१९-२४)

रोमी ३:१९-२४मा एक निर्णायक तथा हामीहरूको विश्वासको केन्द्रविन्दु उल्लेख गरिएको छ। हामीहरूको मौलिक शिक्षाहरूमा २८वटा शिक्षाहरू छन्। त्यस जगको एक भाग पावलले ती पदहरूमा लेखेका छन्। त्यसलाई हामीहरूले किन सधैं सम्झिरहनुपर्छ? हेर्नुहोस्: " १९ अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। २० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ। २१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्।"

बाइबलको सारा सन्देशको मूल आशय वा मुख्य तर्क यो छ कि हामी सबै जना पापी छौं र मुक्तिको लागि योग्य छैनौं (रोमी ३:२३)। यदि हामी योग्य छौं भनेर दावी गर्‍यौं भने त्यो हामीहरूको असल कामद्वारा, धर्मकर्मद्वारा स्वर्गमा जान अधिकार भएको दावी गर्न पुग्छौं। यो धारणा पवित्र धर्मशास्त्र बाइबलको बिपरित छ।

धर्मकर्म, असल काम गरेर हामीले मुक्ति पाउने होइन तर अनुग्रहबाट पाउँछौं भन्ने धारणा रोमी ४:१-८ले कसरी सिकाउँछ? हेर्नुहोस्: " १ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा

**भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।"**

मुक्ति भनेको बरदान वा उपहार हो भनेर बाइबलले सिकाउँदछ (एफिसी २:८,९)। यो कुनै मानिस काम गरेर योग्य भएको हैशियतले पाउने उपहार होइन। येशू ख्रीष्टको आफ्नै सिद्ध बलिको पुण्य कार्यल गर्दाले मात्र हामीले मुक्ति पाउँछौं। उहाँको त्यो बलिलाई हामीहरूले पाउने मुक्तिको लेखामा लिखत राखेको हुन्छ। तर दशांशको मामिलामा हामीले उहाँलाई दशांश दियौं भने त्यसको फिर्ता हामीले पाउँछौं भनेर उल्लेख गरिएको छैन। सुरूमै दशांश परमेश्वरको आफ्नै भएकोले उहाँलाई नै फिर्ता गर्दा त्यसमा हामीले पुरस्कार वा जस पाउनुपर्ने के छ त?

इसाई भएर हामीहरूले धेरै असल कामहरू गर्नुपर्छ भनेर हामीबाट अपेक्षा गरिएको छ तर ती कामहरूले हामीले मुक्ति पाउँछौं भन्ने होइन। त्यसरी नै दशांश परमेश्वरलाई फिर्ता गर्नुको मतलब हामीले मुक्ति पाउन दशांश दिने भनेको होइन। एफिसी २:१०मा पावलले भन्दछन्: "हामी सबै जना परमेश्वरका कामका सृष्टि हौं। येशू ख्रीष्टमा असल काम गर्न हामीहरूलाई सृष्टि गरिएको हो। ती असल कामहरूमा हामी हिँडौ भनेर परमेश्वरले अगाडि नै हामीलाई तयार गर्नुभएको थियो।" (रूपान्तरित)।

तैपनि दशांश दिँदा हामीहरू परमेश्वरमा कतिको नम्र छौं र अर्पित छौं भनेर देखाउँछौं। तर दशांश फिर्ता नगर्दा परमेश्वरको वचनप्रति हामी कतिको विरोधी छौं र आफ्नै तालमा हिंड्न हामी मनपराउँछौं भनेर देखाउँदछ। यदि मुखलेमात्र होइन व्यवहारमा हामीले परमेश्वरलाई प्रेम गर्छौं भने हामीले उहाँका वचनहरू पालन गर्न खुशी हुनेछौं। दशांशले बाहिरिरूपमा यो देखाउँछ कि हामी केवल यस संसारको थोकहरूको सञ्चिता (हिफाजत)गर्नेमात्र नभएर सबै थोकमा परमेश्वरप्रति हामी ऋणी छौं भनेर देखाउँछौं। जसरी हरेक हप्ताको साबथले परमेश्वर सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर हामीलाई सम्झना गराउँछ त्यसरी नै दशांश फिर्ता गर्दा त्यही खालको अवधारणालाई महसुस गराउँछ। हामी हामीहरूको होइन तर हामीहरूको जीवन र मुक्ति परमेश्वरको बरदानबाट पाएका हौं भनेर हामी यकिन हुन्छौं। दशांशलाई फिर्ता गर्दा हामीहरूको विश्वासको जीवन र वास्तविकता केवल देखावटीमात्र होइन परमेश्वरप्रति हाम्रो आस्थालाई ठोसरूपमा नै व्यक्त गर्छौं भनेर देखाउँछौं।

**विश्वासद्वारा जिउनु भन्नुको अर्थ के हो भनेर लूका २१:१-४ले कसरी बताउँछ? हेर्नुहोस्ः " १ उहाँले हेर्नुहुँदा धनीहरूलाई आफ्नो-आफ्नो भेटी मन्दिरको दानपात्रमा राखेका देख्नुभयो। २ उहाँले एउटी गरीब विधवालाई त्यहाँ दुई पैसा चढ़ाएकी पनि देख्नुभयो। ३ तब उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, यस गरीब विधवाले अरू सबैले भन्दा बढ़ी चढ़ाएकी छे। ४ किनकि यिनीहरू सबैले आफ्ना प्रशस्तताबाट भेटी चढ़ाएका छन्, तर यसले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै दिई।"**

## उपसंहारः

**थप जानकारीः** पल पलमा सास फेर्ने सास, प्रत्येक पल्ट हुने मुटुको धडकन, हामीहरूको अस्तित्वको प्रत्येक क्षण परमेश्वरबाट नै आउँछ भन्ने कुरा विर्सन धेरै सजिलो छ। प्रेरित १७मा एथेन्सका मानिसहरूलाई सत्य परमेश्वरको बारेमा सिकाउँदा उहाँ सृष्टिकर्तामात्र होइन हामीहरूलाई सम्हाल्ने उहाँ नै हुनुहुन्छ भनेका थिए (प्रेरित १७:२४,२८)। एथेन्सका मानिसहरूलाई सत्य परमेश्वरको बारेमा ज्ञान थिएन। तर हामी इसाईहरूलाई थाहा छ, र यो महसुसमा हामीहरू बाँचेको मुल आधार हुनुपर्छ। हामीमा परमेश्वरले धेरै थोकहरूको दावी गर्नसक्नुहुन्छ। त्यस कारण हामीहरूले उहाँको हामीहरूमाथिको दावी अनुसार जिउनुपर्छ।

"परमेश्वरले हामीहरूमाथि दावी गर्नुहुन्छ। संसारका ढुकुटीहरू मानिसहरूको हातमा उहाँले सुम्पन्नुभएको छ। तर दशभागको एक भाग उहाँको कामको निम्ति इमान्दारीताकासाथ छुट्याओस् भन्ने उहाँको निर्देशन छ। त्यो भाग उहाँको ढुकुटीमा राखियोस् भन्ने उहाँको आज्ञा छ। त्यो उहाँको हो उहाँलाई नै फर्काउनुपर्छ भनेर सोच्नु आवश्यक छ। यो पवित्र छ र पवित्र कामको निम्ति त्यो प्रयोग गरिनुपर्छ। संसारका सबै भागहरूमा मुक्तिको सन्देश सुनाउनेहरूलाई सहायता गर्न त्यो रकम प्रयोग गर्नुपर्छ। दशांशमाथिको अधिकार उहाँको हो। त्यसको अर्थ दशांशद्वारा परमेश्वरको ढुकुटीमा रकम बगिरहनुपर्छ जसले गर्दा नजिक टाढा रहेका सबै मानिसहरूकहाँ सत्यको ज्योति पुगोस्। परमेश्वरले निर्देशित गर्नुभएको दशांशलाई इमान्दारीताका साथ पालन गरेर दियौं भने हामीहरूको सबै थोक परमेश्वरको हो भनेर हामी स्वीकार्न पुग्छौं।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च, ठेली* ६, पृ. ३८६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. "छिटो छिटो गतिमा समय अनन्ततिर लम्किन्दैछ। परमेश्वरको के हो सो हामीले नदिइकन नराखौं। उहाँलाई दशांश दिँदा बेफाइदा नहुने छभएतापनि त्यो नदिँदा हामीहरूको हुने नोक्सानलाई आँखा नचिम्लौं। उहाँले हामीहरूको सारा हृदयले खुशीसाथ दिएको चाहनुहुन्छ। उहाँको जे छ सो उहाँलाई नै फर्काऔं। सृष्टि गरिएको र मुक्तिदिइएको हैशियतले दशांश उहाँको हो। तपाईंको बौद्धिक सम्पदा, उहाँलाई नै दिनुहोस्। यो उहाँको हो। उहाँले तपाईंसँग तपाईंको पैसा माग्नुहुन्छ, त्यो पनि उहाँलाई दिनुहोस् किनकि यो उहाँकै हो।"-एलेन जी ह्वाइट, द आक्टस अभ आपोस्टल्स, पृ. ५६६बाट रूपान्तरित। "उहाँको के हो उहाँलाई नै नदिइकन हामीसँगै नराखौं... उहाँलाई दशांश दिँदा बेफाइदा नहुने भएतापनि त्यो नदिँदा हुने नोक्सानलाई आँखा नचिम्लिऔं" भन्नुको अर्थ के हो? जब हामी दशांश दिँदैनौ हामीले हामीलाई नै कसरी लुटिरहेका हुन्छौं?

आ. चर्चका सदस्यहरूले चर्चका अगुवा आदिसँग नमिल्दा दशांश जसलाई पायो त्यसलाई दिने चलनको बारेमा सोच्नुहोस्। परमेश्वरको ढुकुटीको सट्टा राम्रैं काम भएतापनि त्यो त्यसरी दिने किन मनासिव छैन? यदि सबैले त्यसो गरे चर्चको गति के होला? बप्तिस्मामा वाचा गरेको अनुसार परमेश्वरलाई दिनुपर्ने नदिँदा चर्चलाई टुक्रा टुक्रा गर्ने भयानक प्रवृत्तिले परमेश्वरकै कसरी बेइज्जत भइरहेको छ?

इ. परमेश्वरको मन्दिरलाई रेखदेख गर्ने पुजारीहरूको बीचमा भ्रष्टाचारले अड्डा जमाएतापनि एक जना विधवीले आफ्नो गच्छे अनुसार पैसा भेटीमा हालेको देख्दा प्रभु येशूले त्यो सराहना गर्नुभएको थियो भनेर लूका २१मा उल्लेख गरिएको छ। दशांश कसरी प्रयोग गरिन्छ भन्ने कुरामा हामीहरूमा शङ्का भएतापनि हामीहरू हामीहरूको बर्तव्यबाट बिचलित हुनुहुँदैन भनेर त्यस घट्नाले कसरी खुलासा गरेको छ?

## कथा ८
## दोस्रो मौका
## मेक्सिको, इजक्विएल परेज गन्गोरा, ३४

**म २० वर्ष** हुँदा मैले बिबाह गरेको थिएँ। बिबाह गरेपछि मैले जाँड रक्सी खान थालें र चुरोट पनि पिउन थालें। त्यसपछि म जड्याँहा भएँ र चुरोटको लतमा म चुर्लुम्म डुब्न थालें। मलाई रमझम र पार्टीहरू मन पर्थ्यो। मेरो देश मेक्सिकोको टाबास्को राज्यमा म बस्दछु। मेरो घरको नजिक रीचार्ड पेरे भन्ने सेभेन्थ-डे एडभेन्टिस्ट प्रचारकले सुसमाचार प्रचारको कार्यक्रम गरेका थिए। त्यस कार्यक्रममा सहभागी भएपछि मेरी श्रीमतीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिइन्। तर मैले बप्तिस्मा लिन मानिनँ। दुई पल्ट बप्तिस्मा लिन मलाई मौका मिलेको थियो तर बप्तिस्मा लिन इन्कार गरि नै रहें। १३ वर्षसम्म मैले जथाभावी जीवन बिताएँ तर त्यसको फलस्वरुप मेरो ढाड नराम्रोसँग दुख्न थाल्यो। आफू निको हुँलाकि भनेर अस्पतालहरू चाहारें तर डाक्टरहरूले दिएको औषधीले मलाई छोएन। एक दिन म साउथइस्ट एडभेन्टिस्ट अस्पतालमा गएँ। मेरो रोग पत्ता लगाउन डाक्टरहरूले बिभिन्न परीक्षण गरे तर तिनीहरूले केही पनि रोग पत्ता लगाउन सकेनन्। मेरो ढाड अत्यन्तै दुख्न थाल्यो र मलाई धेरै ज्वरोले पनि सताउन थाल्यो। म अस्पतालमा भर्ना भएको थिएँ। भर्ना भएको चौथो दिनमा अस्पतालको चाप्लेन अर्थात् पास्टर आएर मलाई भेट्नुभयो। उहाँ त्यही प्रचारक रिचार्ड पेरेज थिए। उनले मलाई तुरन्त चिनिहाल्नुभयो र मेरै नाउँ लिएर मलाई अभिवादन गर्नुभयो। "तपाईंलाई परमेश्वरको आवश्यकता छ" भनेर उहाँले मलाई भन्नुभयो। उहाँले आफ्नो गीतार बजाएर दुईवटा गीतहरू गाउनुभयो। उहाँले बाइबल पनि पढ्नुभयो। त्यसबेला परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ भनेर महसुस गरें। मलाई छोड्नुभन्दा पहिले पास्टरले नर्सहरूलाई बोलाएर साबथ दिनमा मसँग आराधना गर्नु भनेर अह्राउनुभयो, जुन तिनीहरूले गरे।

मलाई अत्यन्त पीडा भइरहेको थियो। मेरो दुखाई झन झन असह्य हुन थाल्यो र मेरो ज्वरो धेरै बढेर आयो। सातौं दिनमा मेरो कोठामा डाक्टर आउनुभयो तर उहाँको मुख अंध्यारो थियो। उहाँले मलाई एक्लै कुरा गर्नुपर्छ भनेर भन्नुभयो। मैले मेरी श्रीमतीलाई बाहिर जान भनेर अऱ्हाएँ। "तपाईंसँग एडस् रोगको लक्षण देखिएको छ" डाक्टरले भन्नुभयो, "हो होइन भनेर म फेरि

तपाईंको जाँच गर्छु।" जाँचेपछि डाक्टर मेरो कोठाबाट निक्लिनुभयो र मेरी श्रीमती कोठामा आइन्। मलाई के भइरहेको छ मेरी श्रीमतीले मलाई सोधिन्। त्यसको जवाफ मैले दिन सकिनँ किनभने म आफैलाई के भनुँ के भनुँ जस्तो भइरहेको थियो। मैले अत्यन्तै खराब जीवन बिताइरहेको थिएँ र मलाई थाहा थियो त्यसैको कारणले म यो बिमारीमा परिरहेको छु। अनि मलाई पास्टरको वचनको याद आयो। उहाँले भन्नुभएको थियो, "अब तपाईंलाई परमेश्वरको आवश्यकता छ।" मैले श्रीमतीलाई फेरि बाहिर जानु भनें किनभने म प्रार्थना गर्न चाहन्थें। म रोएर प्रार्थना गरें। मलाई जिउन अर्को मौका दिन परमेश्वरसँग मागें। मलाई एडस् नभएको बनाइदिन परमेश्वरसँग मद्दत मागें। एक छिन पछि डाक्टर फर्कनुभयो र भन्नुभयो, "मसँग तपाईंलाई दिने असल र खराब खबर छ। असल खबरचाहीं तपाईंमा एडस् छैंन। खराब खबरचाहीं तपाईंलाई के रोग लागेकोछ सो मलाई थाहा छैन। मेरो रगतको परीक्षणले ममा एडस् नभएकोले मेरो प्रार्थना परमेश्वरले सुन्नुभयो भनेर मलाई थाहा भएको थियो। अर्को परीक्षणमा मेरो फोक्सोमा पानी भरेको देखिएको थियो। डाक्टरले मेरो फोक्सोमा र छातीको बीचमा पाइप हाल्नुभयो ताकि त्यहाँबाट पानी निक्लिउन र पाँचदिन पछि म घर जान सकुँ। तर पाँचदिनपछि पनि मलाई दुख्न कम भएन र अर्को परीक्षणले मेरो जिउभित्र मासु पल्हाएको देखियो। "केवल परमेश्वरको हस्तक्षेपलेमात्र तपाईं बाँच्न सक्नुहुन्छ भनेर म तपाईंलाई सतर्क गराउन चाहन्छु" डाक्टरले भन्नुभयो। भोलिपल्ट नै शल्यक्रिया गर्ने निर्णय गरियो। मैले फेरि प्रार्थना गरें। मैले बरबाद पारेको जीवनबाट नयाँ जीवन पाउन परमेश्वरसँग फेरि बिन्ति गरें। शल्यक्रिया गर्ने दिनमा मलाई लठ्याउने पार्ने औषधी दिन अपरेशन कोठामा लगियो। त्यस बेला फेरि मैले प्रार्थना गरें, "हे प्रभु मलाई बाँच्न दिनुभयो भने म बप्तिस्मा लिन्छु र मेरो जीवन तपाईंमै समर्पण गर्छु।" डाक्टरहरूले छ घन्टा लगाएर मेरो शल्यक्रिया गरे। जब म बिउँझे तब मैले आफूलाई आफ्नै कोठामा भएको पाएँ। मेरी श्रीमती र मेरी छोरीहरू मसँग कुरा गर्न पर्खिरहेका थिए। मलाई जिउन परमेश्वरले फेरि मौका दिनुभएको थियो भनेर म विश्वस्त भएँ।

२१ दिनपछि म अस्पताल छोडें। तीन हप्तापछि चर्चमा अर्को सुसमाचार प्रचार कार्यक्रम गरियो। त्यसबेला मैले बप्तिस्मा लिएँ। अब म चर्चमा सरसफाई र मूल डिकन भएर चर्चमा सघाउँछु। जिउने दोस्रो अवसर

दिनुभएकोमा परमेश्वरलाई धेरै धेरै धन्यवाद! म जिन्दगीभर उहाँको सेवा गर्नेछु। अहिले उठ्ने भेटीले मेक्सिकोको भिलारेमोसामा रहेको साउथइस्ट एडभेन्टिस्ट हस्पितलमा नयाँ भवन निर्माण गर्न सहयोग मिल्नेछ। त्यस भवनमा स्थानीय मानिसहरूलाई स्वास्थ सेवा पुऱ्याइनेछ। तपाईंको भेटीको निम्ति धेरै धन्यवाद।

**मेक्सिकोको बारेमा केही जानकारीः मेक्सिकोमा बाह्र करोड तीस लाख मानिसहरू बस्दछन्। मेक्सिकोको बाया क्यालिफोर्निया भन्ने ठाउँमा विश्वको लामो भूभाग छ जुन पानीमाथि उभिएको छ। त्यहाँ १२० थरि भन्दा बेसि क्याक्टस बिरुवा पाइन्छ। क्याक्टसमाथि चुच्चोले सर्प समातिएको चील चरा त्यस देशको चिन्ह हो। आजटेक जातिहरूले टोनोचिटलन सहर बनाएका थिए भनेर किम्वदन्ती छ। त्यो अहिले मेक्सिकोको राजधानी हो। त्यसै ठाउँमा त्यस बेलाका मानिसहरूले चिल चरालाई क्याक्टसमाथि बसेर सर्प खाइरहेको देखेका थिए रे। सबभन्दा बेसी स्पानिश भाषा बोल्ने देश मेक्सिको हो भनेर मानिएको छ। संसारमा सबभन्दा धेरै चाँदी उत्पादन गर्ने देश मेक्सिको हो। उत्तर अमेरिकामा मोटरहरू उत्पादन गर्नेमा मेक्सिको अग्रपङ्तिमा छ।**